# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २६५ | काठमाडौं | बुधबार, ११ माघ २०७९ | Prabhab National Daily | Wednesday, January 25, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




**हिमपातले जनजीवन कष्टकर**

जुम्लाको चन्दननाथ नगरपालिका–५ मा मंगलबार परेको हिउँ अवलोकन गर्दै बालिका । हिमपात भएकाले यहाँको जनजीवन कष्टकर बनेको छ । *तस्बिर: शुरबहादुर सिंह/रासस*

# सरकारमा संघीयताको पक्ष–विपक्षबीच टकराब

प्रधानमन्त्री दाहालले कानुनमन्त्री प्रधानसँग स्पष्टीकरण सोध्ने बताएसँगै संघीयता र लोकतान्त्रिक गणतन्त्र पक्षधर दलहरूसँग राजतन्त्र पक्षधर दल राप्रपाको टकराब बढ्ने देखिन्छ





■ **जेबी योञ्जन**

**काठमाडौं–** संघीयता र लोकतान्त्रिक गणतन्त्र पक्षधरसँग राजतन्त्र पक्षधरको टकराब बढ्ने देखिएको छ । दुवै पक्षधर सरकारमै छन् ।

सरकारको नेतृत्व संघीयता र लोकतान्त्रिक गणतन्त्रको पक्षधर नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले गरेका छन् । १० पुसमा गठन भएको दाहाल नेतृत्वको सरकारमा राजतन्त्र पक्षधर दल राष्ट्रिय प्रजातन्त्र पार्टी सहभागी छ । सोही पार्टीबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री ध्रुवबहादुर प्रधान छन् । उनले सञ्चार माध्यमहरूमा अन्तर्वार्ताका क्रममा भनिरहेका छन्, 'संघीयता र गणतन्त्र संशोधन गर्न पाइने व्यवस्था संविधानमा छ ।' घुमाउरो शैलीमा संघीयता र गणतन्त्र खारेज गर्ने आशय उनले प्रकट गरिरहेका हुन् ।

> मन्त्रीमण्डलभित्र बसेर संघीयता र लोकतान्त्रिक गणतन्त्रविरूद्ध बोल्ने अधिकार हुन सक्दैन ।
>
> ■ **पुष्पकमल दाहाल**
> प्रधानमन्त्री

> संघीयता र गणतन्त्र संशोधन गर्न पाइने व्यवस्था संविधानमा छ ।
>
> ■ **ध्रुवबहादुर प्रधान**
> कानुनमन्त्री

मन्त्री प्रधानको अभिव्यक्तिलाई लिएर प्रधानमन्त्री दाहाल आक्रोशित छन् । 'मेरै क्याबिनेटका एक जना मन्त्रीले नै संघीयता खारेज गर्नुपर्छ भनेको सुनेँ । मेरो ध्यानाकर्षण भएको छ,' मंगलबार राष्ट्रिय सभा बैठकमा दाहालले भने, 'मन्त्रीमण्डलभन्दा बाहिर गएर आफ्नो कुरा राख्ने अधिकार सबै राजनीतिक दल र माननीयहरूलाई हुन्छ तर मन्त्रीमण्डलभित्र बसेर संघीयता र लोकतान्त्रिक गणतन्त्रविरुद्ध बोल्ने अधिकार हुन सक्दैन ।'

दाहालले मन्त्री प्रधानसँग स्पष्टीकरण सोध्ने बताएका छन् । यदि, स्पष्टीकरण सोधे संघीयता र लोकतान्त्रिक (**बाँकी पृष्ठ २ मा**)

# नियमावली मस्यौदा समिति गठन

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** संसद्को काम कारबाहीलाई प्रभावकारी बनाउन प्रतिनिधिसभा नियमावली मस्यौदा समिति गठन गरिएको छ । प्रतिनिधिसभाको मंगलबारको बैठकले २१ सदस्यीय नियमावली मस्यौदा समिति गठन गरेको हो । बैठकमा सांसद देवेन्द्र पौडेलले प्रतिनिधिसभा नियमावली मस्यौदा समिति गठन गरियोस् भनी समितिमा रहने सांसद सदस्यहरूको नामावलीसहितको प्रस्ताव प्रस्तुत गरेका थिए । सांसद रामकृष्ण यादव र ऋषिकेश पोखरेलले समर्थन गरेका उक्त प्रस्तावलाई बैठकको सर्वसम्मतिले पारित गरेको थियो ।

समितिका सदस्यहरूमा अनिता देवी, अमरेशकुमार सिंह, गंगाराम चौधरी, चित्रबहादुर केसी, जीवन परियार, दिलेन्द्रप्रसाद बडू, नागिना यादव, प्रकाश ज्वाला, प्रदीप यादव र प्रेम सुवाल रहेका छन् । त्यस्तै, महेशकुमार बर्तौला, रमेश लेखक, लीलानाथ श्रेष्ठ, विद्या भट्टराई, शक्तिबहादुर बस्नेत, सर्वेन्द्रनाथ शुक्ला, सीता गुरुङ, सुवासचन्द्र नेम्वाङ, सोविता गौतम, हितराज पाण्डे र ज्ञानबहादुर शाही पनि समितिमा छन् ।

समितिलाई १५ दिनको समय दिइएको छ । सभामुखको सामान्य निर्देशनमा रही समितिले आफ्नो कार्यविधि आफैंले व्यवस्थित गर्न सक्नेछ । समितिका सदस्यहरूले आफूमध्येबाट एकजना सभापति चयन गर्ने छन् भने समितिले आवश्यक देखेमा विशेषज्ञलगायत सम्बन्धित अन्य व्यक्तिको सहयोग लिनसक्नेछ ।

प्रतिनिधिसभाको कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न, समितिको गठन, कामकारबाही र अन्य कुरा नियमित गर्न तथा नियमित व्यवस्थापकीय कार्य सम्पादन गर्दा अपनाउनुपर्ने कार्यका लागि नेपालको संविधानअनुरुप प्रतिनिधिसभाको नियमावली मस्यौदा तयार गर्ने र नियमावली पारित गर्नेसम्मका अवस्थामा (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

# म्यानपावर कम्पनीमा भएको अनधिकृत हस्तक्षेपविरूद्ध व्यवसायी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** म्यानपावर कम्पनीहरुमा विभिन्न व्यक्ति तथा समूहले अनधिकृत हस्तक्षेप गरेको भन्दै वैदेशिक रोजगार व्यवसायीहरु आक्रोशित भएका छन् । आफूलाई सामाजिक अभियन्ता बताउने हेमराज थापाको अगुवाइमा केही व्यक्तिले म्यानपावर कम्पनीमा अनधिकृतरुपमा प्रवेश गरी व्यवसायीलाई दुर्व्यवहार गरेकोप्रति व्यवसायीहरुले विरोध जनाएका हुन् ।

थापाले खोजी रिक्रुटमेन्ट प्रालिमा मंगलबार अनधिकृतरुपमा प्रवेश गरेको विषयलाई लिएर झडपसमेत भएको छ । ललितपुरस्थित उक्त कम्पनीमार्फत रोजगारीका लागि मलेसिया गएका कामदार फर्किएपछि थापा उनीहरुलाई लिएर म्यानपावर पुगेका थिए । वैदेशिक रोजगार विभागको रोहबरमा पीडित कामदार र म्यानपावर कम्पनीबीच क्षतिपूर्तिका लागि सहमति भइसकेको अवस्थामा थापाले कामदारलाई उचाल्दै म्यानपावरमा प्रवेश गरी कार्यालय तोडफोड गर्नुका साथै दुर्व्यवहार गरेको भन्दै केही व्यवसायीले थापा र उनको समूहमाथि हातपातसमेत गरेका थिए ।

थापा समूह दलबलसहित म्यानपावर पुगेर पीडितहरुलाई क्षतिपूर्ति दिलाउनेभन्दा पनि ठूलो रकम बार्गेनिङ गरेको व्यवसायीले आरोप लगाएका छन् । 'पीडितको नाममा म्यानपावरसँग बार्गेनिङ गर्दै तीन करोड मागेको रहेछ,' एक व्यवसायीले भने, 'अन्त्यमा एक करोड ५० लाख दिए मिलाइदिने भन्दै दलाली गरिरहेको अवस्थामा व्यवसायीको फन्दामा पर्‍यो ।' थापा समूहमाथि व्यवसायी खनिएपछि प्रहरीले हस्तक्षेप गर्नुपरेको थियो ।



**मंगलबार ललितपुरको जावलाखेलस्थित जिल्ला प्रहरी कार्यालय अगाडि जम्मा भएका व्यवसायी ।** *तस्बिर: प्रभाव*

> आफूलाई सामाजिक अभियन्ता बताउने हेमराज थापाको अगुवाइमा केही व्यक्तिले म्यानपावर कम्पनीमा अनधिकृतरूपमा प्रवेश गरी व्यवसायीलाई दुर्व्यवहार गरेकोप्रति व्यवसायीहरूको आपत्ति

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको समन्वयमा ललितपुर जिल्ला प्रहरी कार्यालय जावलाखेलले पीडित कामदार, म्यानपावर कम्पनी र थापा समूहलाई क्षतिपूर्तिको विषय वैदेशिक रोजगार विभागले टुंग्याउनेगरी मिलापत्र गराएको छ । यसअघि थापा समूह पीडितहरुलाई न्याय तथा क्षतिपूर्ति दिलाउने भन्दै सोमबार विभाग घेराउ गर्न पुगेको थियो ।

यसै सन्दर्भमा आज (बुधबार) विभागको कार्यालयमा छलफल गरी विवाद टुंग्याइने संघका अध्यक्ष राजेन्द्र भण्डारीले जानकारी दिए । 'कुनै पनि कामदार पीडित भए, ठगिए वा शोषणमा परेको भए उजुरी गर्ने र हेर्ने राज्यका निकायहरु छन्,' अध्यक्ष भण्डारीले भने, 'यसरी अराजकता निम्त्याउने, हुलहुज्जत गर्ने, अनधिकृतरुपमा कार्यालय प्रवेश गरी तोडफोड र दुर्व्यवहार गर्ने कुरा खेदजनक छ ।' अभियन्ताका नाममा सुरक्षालाई चुनौती दिने, कानुन हातमा लिन खोज्ने, झडप गराउने र बिचौलियाको काम गर्न खोज्नु गलत रहेको भन्दै भण्डारीले संघकै समन्वयमा समस्या समधानको पहल गर्न सकिने बताए ।

# पुस महिनाको कार्यसम्पादन सार्वजनिक

**काठमाडौं (प्रस)–** संयुक्त अरब इमिरेट्स (युएई)स्थित नेपाली दूतावासले पुस महिनाको कार्यसम्पादन विवरण सार्वजनिक गरेको छ । दूतावासले २०७९ पुस महिनामा सम्पादन गरिएका प्रमुख सेवाहरुको तथ्यांकीय विवरण सार्वजनिक गरेको हो ।

वैदेशिक रोजगारीका लागि नेपालीहरुको प्रमुख गन्तव्यमध्ये एक युएईमा रहेको दूतावासले महिनैपिच्छे कार्यसम्पादन विवरण सार्वजनिक गर्दै आइरहेको छ । विशेषगरी रोजगारीमा रहेका नेपाली कामदारहरुको समस्या समाधानका लागि सहजीकरण गर्दै आएको दूतावासले कार्यसम्पादन तथा प्रगति विवरण सार्वजनिक गर्ने गरेको जनाएको छ । पुस महिनामा एक हजार ६८८ पासपोर्ट नवीकरणका लागि संकलन भएको दूतावासले जनाएको छ । जसमध्ये एक हजार ४७२ वटा पासपोर्ट नवीकरणपश्चात् वितरण गरिएको उल्लेख गरेको छ । त्यस्तै १५२ जनालाई भिसा प्रदान गरिएको, १४२ जनाको ट्राभल डकुमेन्ट बनाइएको दूतावासले जनाएको छ ।

त्यसैगरी दूतावासले १८४ जनाको कागजात, १९३ वटा व्यक्तिगत भिसा तथा संस्थागतरुपमा आएका ९२ वटा मागपत्र प्रमाणीकरण भएको जानकारी दिएको छ । साथै, ११० समूहगत भिसा प्रमाणीकरणसमेत उक्त अवधिमा गरेको उल्लेख छ ।

उक्त महिनामा विभिन्न कारणले युएईमा मृत्यु भएका नेपालीहरुका १० वटा शव व्यवस्थापन गरिएको पनि उल्लेख छ । यस्तै विभिन्न माध्यमबाट आएका ३८९ वटा गुणासा तथा उजुरीहरुको सम्बोधन गरिएको दूतावासले कार्यसम्पादन विवरणमा समेटेको छ । दूतावासले क्षतिपूर्ति र इन्स्योरेन्सबापत दुई लाख २१ हजार ७५० एइडी अर्थात् झण्डै ८० लाख रुपैयाँ वितरण गरिएको जनाएको छ ।




## सरकारमा संघीयताको...

पृष्ठ १ बाट जारी

गणतन्त्र पक्षधर दलहरूसँग राजतन्त्र पक्षधर दल राप्रपाको टकराब उत्पन्न हुने प्रस्ट देखिएको छ ।

राप्रपाका एक जना प्रवक्ता सगुनसुन्दर लावती आफ्ना दलका मन्त्री प्रधानलाई प्रधानमन्त्रीले स्पष्टीकरण लिए सरकारबाट पार्टीका सबै मन्त्रीहरूलाई फिर्ता बोलाउन सकिने बताउँछन् । 'हाम्रो एजेण्डै राजतन्त्र र हिन्दू राष्ट्र छ,' उनले प्रभावसँग भने, 'हामीले हाम्रो एजेण्डा सरकारमा गएपछि त्याग्ने भनेका छैनौं । उठाउँछौं । उठाउँदा हाम्रा मन्त्रीलाई स्पष्टीकरण लिए सरकारमा रहँदैनौं । अझ संसद्मा खरोगरी हाम्रा एजेण्डाहरूलाई उठाउँछौं ।'

३ असोज २०७२ मा संविधानसभाबाट जारी संविधानको प्रस्तावनामै देश 'संघीय लोकतान्त्रिक गणतन्त्रात्मक' भनिएको छ । संविधानको धारा ७६ को उपधारा (२) अनुसार दाहाल नेतृत्वमा मन्त्रिपरिषद् गठन भएको हो । सोही मन्त्रिपरिषद्कै एक जना सदस्य प्रधानले भने संविधानमै संस्थागत भएको संघीयता र लोकतान्त्रिक गणतन्त्रविरुद्ध अभिव्यक्ति दिँदै आएका हुन् ।

जबकि, कार्यकारीको भूमिकाबाट संविधानले संस्थागत गरेको राजनीतिक व्यवस्थाहरूको कार्यान्वयन सरकारले गर्नुपर्छ। कार्यान्वयन गराउनेचाहिँ विभागीय मन्त्री पनि हुन् । र, संघीयता र गणतन्त्र कार्यान्वयनको सन्दर्भमा आवश्यक ऐन कानुन निर्माण गर्नुपरे वा संशोधन गर्नुपरे त्यससम्बन्धी प्रस्ताव संसद्मा दर्ता गराउनुपर्ने दायित्व कानुनमन्त्री प्रधानकै हो ।

उल्टै मन्त्री प्रधान भने संविधानमा संस्थागत भएको संघीयता र गणतन्त्रको विरुद्धमा उभिन थालेका हुन् । उसो त उनीसहित उनको दल राप्रपाका सबै मन्त्रीले आ-आफ्ना मन्त्रालयको कार्यकक्षमा पृथ्वीनारायण शाहको तस्बिर झुण्ड्याएका छन्, जसलाई राजतन्त्रको संस्थागत आधार निर्माण गर्ने राजाको रूपमा पनि लिइन्छ ।

प्रतिनिधिसभामा अघिल्लोपटक एक जना सांसद रहेको राप्रपाको यसपटक १२ जना छन् । गत ४ मंसिरमा भएको निर्वाचनमा उनीहरू संघीयता, गणतन्त्र र धर्मनिरपेक्षता खारेजीको एजेण्डासहित गएका थिए । चुनावबाट जनमत अघिल्लोपटकभन्दा यसपटक बढेर संसद्मा पनि प्रतिनिधित्व बढेका बेला सदनमा मात्रै नभएर सरकारमै पनि राप्रपाले संघीयता, गणतन्त्र र धर्मनिरपेक्षता खारेजीको मुद्दा अघि बढाउन खोजेको देखिएको हो ।

राजतन्त्रलाई संघीयता र लोकतान्त्रिक गणतन्त्रको पक्षधरहरूले चाहिँ निरंकुश र जहानीय ठान्छन् । सामन्तवादको 'प्रतीक'को रूपमा राजालाई लिन्छन् । परिणामतः दोस्रो जनआन्दोलनकै कारण पुनःस्थापित प्रतिनिधिसभाले राजालाई फाल्दै राजतन्त्र अन्त्य गरिदियो । राजा नारायणहिटीदेखि नागार्जुन पुगेका छन् । डेढ दशकयता राजा नागरिकको हैसियतमा छन् । तर, राजा समर्थित दल राप्रपाका सांसदले मात्रै होइन, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक सरकारमा रहेका सोही दलका मन्त्रीसमेतको अभिव्यक्ति राजतन्त्र फर्काउनेसँग सम्बन्धित आएपछि प्रधानमन्त्री दाहाल आक्रोशित भएका हुन् ।

दाहाल संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको पहिलो प्रधानमन्त्रीसमेत हुन् । उनी यो व्यवस्थालाई कार्यान्वयन गर्न दृढ छन् । तर, यो व्यवस्थाविरुद्ध प्रश्न गर्नेहरू पनि छन् । मंगलबार प्रतिनिधिसभामा बैठकमा राष्ट्रिय जनमोर्चाका सांसद चित्रबहादुर केसीले प्रश्न गरे, 'संसदीय व्यवस्था जोगाउन सक्छौं कि सक्दैनौं अग्निपरीक्षामा छौं । तर, मलाई सोध्न मन छ, के यो तालले संघीयता टिक्छ ?'

केसी संघीयताको कट्टर विरोधी हुन् । गणतन्त्र पनि उनी चाहँदैनन् । उनीसँगै यसपटक संसद्मा राप्रपा र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसदहरू दुवै राजनीतिक व्यवस्थाविरुद्ध उभिनसक्ने देखिएको छ ।

तर, राप्रपा र जनमोर्चा भने संघीयताअनुसारको मुख्य संरचना मानिएको प्रदेशको चुनावमा सहभागी दल हुन् । राप्रपाको विभिन्न प्रदेशमा सांसद छन् । रास्वपाले भने प्रदेश चुनाव नै अघोषितरूपमा बहिस्कार गर्‍यो । उक्त दलको कुनै पनि प्रदेशमा सांसद छैन ।

यसरी यी दलहरू संघीयता र लोकतान्त्रिक गणतन्त्रको विपक्षमा छन् । प्रधानमन्त्रीको दल माओवादी, कांग्रेस, एमाले, जनता समाजवादी पार्टी, नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टीसँगै आम जनता पार्टी र स्वतन्त्र सांसदहरू डा. अमरेशकुमार सिंह र योगेन्द्र मण्डल भने संघीयता र लोकतान्त्रिक गणतन्त्रको पक्षमा छन् ।

## नियमावली मस्यौदा...

पृष्ठ १ बाट जारी



आइपर्ने सम्पूर्ण कार्यहरू गर्ने जिम्मेवारी छ ।

यसैबीच प्रतिनिधिसभाका सभामुख र उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्न सभामुखको अनुपस्थितिमा कृष्णगोपाल श्रेष्ठ र उपाध्यक्षको अनुपस्थितिमा विमला सुवेदीले बैठक सञ्चालन गर्ने सभामुख देवराज घिमिरेले सदनलाई जानकारी दिए ।

**विशेष समितिको प्रतिवेदनमाथि छलफल**

राष्ट्रिय सभाले संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको प्रतिवेदन-२०७९ माथि छलफल गरियोस् भन्ने प्रस्तावलाई सर्वसम्मतिले स्वीकृत गरेको छ । संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिका संयोजक खिमलाल देवकोटाले पेस गरेको उक्त प्रस्तावलाई सभाले सर्वसम्मतिले स्वीकृत गरेको हो ।

'प्रतिवेदनमा १३ वटा क्षेत्रभित्र रही ९९ वटा विषयमा सिफारिस गरेकामा सबै उत्तिकै महत्त्वपूर्ण छन् । यो शासन व्यवस्थामा जनताले खोजेको विकास, सुशासन र समृद्धिका मुद्दा सम्बोधन गर्ने विषय समेटिएको छ,' उनले भने ।

संविधानको लक्ष्मण रेखाभित्र रही तीन तहका सरकारले निर्वाह गर्नुपर्ने भूमिका र दायित्वलाई कतिपय स्थानमा बेवास्ता गरेको पाइएको बताउँदै संयोजक देवकोटाले प्रदेशका मन्त्रीको संख्याबारे प्रतिवेदनमा उल्लेख भएअनुरुप पछिल्लो समय कार्यान्वयन भएको बताए । यसअघि उक्त प्रस्तावमाथि भएका छलफलमा सदस्यहरूले संघीयतामा शक्ति र स्रोतको बाँडफाँट भन्ने मुख्य विषय भएको बताए ।

संघीयतामा विशेष क्षेत्र, संरक्षित क्षेत्र र स्वायत्त क्षेत्रका बारेमा प्रतिवेदनमा उल्लेख हुन आवश्यक रहेको बताउँदै उनीहरूले सिंहदरबारको अधिकार गाउँमा पुगेकाले संघीयताको मर्म र भावनाअनुरुप अभ्यासमा लैजानुपर्नेमा जोड दिए ।


**कतारमा रोजगार**

**1. CLARK TRADING & CONTRACTING CO. W.L.L.,** पून:विज्ञापन
पुर्व स्विकृति मिति: २०७८।१।१२ चलानी नं. ६०१५७९७४ LT No.239779

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब N. Rs. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 1 | काममा दक्ष | 1000 | 35886 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

**2. CLARK TRADING & CONTRACTING CO. W.L.L.** पून:विज्ञापन
पुर्व स्विकृति मिति: 2079.07.14 चलानी नं. ६०१९०२५९ LT No. 274608

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब QR | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 1 | 1000 | 35886 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैले | कामदार आफैले | रु.१५०० कामदार आफैले |

**अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०७९ माघ १८ गते (1 February 2023) हुनेछ।**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला ।

**TALENT OVERSEAS SERVICE PVT. LTD.** लागत खर्च: नि:शुल्क
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744


### निर्णायक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

काठमाडौँ-१७, खुशिबु
फोन नं ०१-४३५७७७९, ०१-४३५७७७१

**कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७९/१०/११**

यस निर्णायक बचत तथा ऋण सहकारी संस्था लि. मा तपसिलका ऋणीले सवारी खरिद कार्य गर्ने प्रयोजनको लागि लिएको सवारी कर्जा भाखा नाघेको तथा सहकारीसँग कर्जा लिदाको समयमा गरेको सम्झौता एवं तमसुख बमोजिम संस्थालाई तिर्नु पर्ने साँवा, व्याज, हर्जना समेत नतिरी, नबुझाई सस्थाले पटक/पटक लिखित तथा मौखिकरुपमा कर्जा चुक्ता गर्न ताकेता गर्दा बेवास्ता गरि कर्जा चुक्ता गर्न कुनै प्रयत्न नगरेकोले तपाईहरु ऋणीको नाममा ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित गरिएको मितिले ३५ (पैतिस) दिन भित्र आफुले सर्कानु पर्ने सम्पूर्ण सांवा, व्याज, हर्जाना समेत चुक्ता गर्नुहोला । अन्यथा संस्थाको विनियम ऋण लगानी तथा असुली नियमावली सहकारी ऐन २०७४, सहकारी नियमावली २०७४, बागमती प्रदेश सहकारी ऐन २०७६, बागमती प्रदेश सहकारी नियमावली ऐन २०७६ तथा यस संस्थाको विनियम अनुसार यस कार्यलयमा तल उल्लेखित मिति र समयमा धितो लिलामको डाँक बढाबढ गरिने हुँदा सो धितो खरिद/सकार गरी लिन ईच्छुक सर्वसाधरणहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको ३ पुस्ते बिवरण | साक्षी/जमानीको ३ पुस्ते बिवरण |
|---|---|
| नाम थर : गंगाराम विश्वकर्मा<br>बाबुको नामः भारती वि.क.<br>बाजेको नाम : हिरा कामी<br>ठेगाना : रुकुम, मुसिकोट<br>ना.प्र.नं. ५६१००१-१०९०<br>सवारीको विवरण :<br>इन्जिन नं. BJ157FMJ7A92023634<br>च्यासिस नं. ZBNL29009LBB59762<br>दर्ता नं. : प्रदेश नं. ०३-०२-०१६ प १४६९<br>TNT1501 मोडल, सेतो रंगको बेनेली मोटरसाइकल  | नाम थर : रमेश बि.क.<br>बाबुको नामः टिकाराम वि.क.<br>बाजेको नाम : खम्बु कामी<br>ठेगाना : रुकुम, मुसिकोट<br>ना.प्र.नं. : ५६१००१-१२ |
| नाम थर : राम सुनार<br>बाबुको नामः दिल बहादुर सुनार<br>बाजेको नाम : दुर्गा सिंह<br>ठेगाना : महालक्ष्मी, ललितपुर<br>ना.प्र.नं. ३५-०१-७१-११७२७<br>सवारीको विवरण :<br>इन्जिन नं. BJ157FMJ7A02001059<br>च्यासिस नं. ZBNL29005LBB59808<br>दर्ता नं. : प्रदेश नं. ०३-०२-०१६ प १३२०<br>TNT1501 मोडल, सेतो रंगको बेनेली मोटरसाइकल  | नाम थर : सौगात श्रेष्ठ<br>बाबुको नामः मान बहादुर श्रेष्ठ<br>बाजेको नाम : जित बहादुर श्रेष्ठ<br>ठेगाना : महालक्ष्मी, ललितपुर<br>ना.प्र.नं. : २८-०१-०३-०२६५५ |
| नाम थर : सविन श्रेष्ठ<br>बाबुको नामः नर बहादुर श्रेष्ठ<br>बाजेको नाम : कृष्ण बहादुर श्रेष्ठ<br>ठेगाना : महादेवस्थान, काठमाडौं<br>ना.प्र.नं. १०४८/६९३६४<br>सवारीको विवरण :<br>इन्जिन नं. BJ157FMJ7A02001091<br>च्यासिस नं. ZBNL2900XLBB59707<br>दर्ता नं. : प्रदेश नं. ०३-०२-०१६ प १४७६<br>TNT1501 मोडल, सेतो रंगको बेनेली मोटरसाइकल  | नाम थर : शम्शेर कुँवर<br>बाबुको नामः चन्द्र सिंह कुँवर<br>बाजेको नाम : करण सिंह कुँवर<br>ठेगाना : दुहुँ, दार्चुला<br>ना.प्र.नं. : ७२-०१-७३-०३०८६ |

### भूमे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
(र्वपू) खाबाङबगर, रुकुम
लुम्बिनी प्रदेश, नेपाल

**सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना**

*प्रथम पटक प्रकाशित मिति: २०७९।१०।११ गते*

**भूमे गाउँपालिका अन्तर्गतका वडा कार्यालय तथा अन्य शाखाहरुको लागि ल्यापटप, डेक्सटप र प्रिन्टर खरिद तथा ढुवानी गर्नुपर्ने भएकोले नियमानुसार इजाजत प्राप्त इच्छुक फर्म/सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधीनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिएको छ ।**

१. सिलबन्दी दरभाउपत्र दाखिला गर्दा फर्म सञ्चालकको नेपाली ना.प्र.प., मू.अ.क. दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ सम्मको करचुक्ता प्रमाणपत्र, नवीकरण इजाजत पत्र, आय कर दर्ता प्रमाणपत्र, औषधि व्यवस्था विभागबाट प्राप्त प्रमाणत्रहरुको १/१ प्रति सक्कल **नोटरी प्रमाणित**, कारोबार गर्न अयोग्य नभएको तथा कालो सूचीमा नपरेको स्वघोषणा अनिवार्य पेश गर्नुपर्नेछ ।

२. दरभाउपत्र फाराम वापत नगदै रु. १,०००/- (फिर्ता नहुने गरी) तिरी कार्यालयबाट मिति २०७९।१०।२६ गते कार्यालय समयभित्र खरिद गर्न सकिनेछ । खरिद गरिएका सिलबन्दी दरभाउपत्रहरु २०७९।१०।२६ गते दिनको १२:०० बजेभित्र कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको ३:०० बजे कार्यालयमा खोलिनेछ । रीतपूर्वक पेश नभएका, म्याद नाघी आएका वा शर्त नराखिएका दरभाउपत्रमाथि कुनै कारवाही गरिने छैन। दरभाउपत्रदाता प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलेको मितिदेखि ४५ दिनको हुनेछ । दरभाउपत्रसाथ रु. ४०,०००/- रकम बराबरको **(क)** वर्गको वाणिज्य बैंकबाट जारी भएको कम्तीमा ७५ दिन म्याद भएको दरभाउपत्र जमानत (Bid Security) पेश गर्नुपर्नेछ वा दरभाउपत्र जमानत नगदै सिटिजन्स बैंक इन्टरनेशनल लि. भूमे शाखा स्थित यस कार्यालयको नाममा रहेको बैंक खाताः **ग३ भूमे गा.पा. धरौटी खाता**, बैंक खाता नं. **०७८०१०००००३०२०१** पनि जम्मा गर्न सकिनेछ।

४. दरभाउपत्र खरिद गर्ने र पेश गर्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट हुनेछ । यसो भएता पनि दरभाउपत्र जमानत र दरभाउपत्रको मान्य अवधि माथि उल्लेखित नै हुनेछ ।

५. दरभाउपत्र स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ।

६. यस सूचनामा उल्लेख नभएको सम्बन्धमा प्रचलित नियम कानून बमोजिम हुनेछ। थप जानकारीको लागि यस कार्यालयमावा 9847662758 ,9857831200 वा 9812827249 मा सम्पर्क राख्न सकिनेछ ।

| दरभाउपत्र. नं. | विवरण | अनुमानित ल.इ. रकम (भ्याट सहित) |
|---|---|---|
| EGP/BRMO/079-80/SQ/GOODS/02 | वडा कार्यालय तथा अन्य शाखाहरुको लागि ल्यापटप, डेस्कटप र प्रिन्टर खरिद तथा ढुवानी | १५,८०,०००।- |

नि.प्रमुख प्रशासकीय अधिकृत

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction

### Federal Project Implementation Unit

Banke, Nepalgunj

**Invitation for Bids**

**Notice No:FPIU/Banke/03-2079-080**

**Date of Publication : 2079-10-11 (25-Jan-2023 A.D.)**

1. Federal Project Implementation Unit (FPIU), Banke Invites Single Stage Single Envelope and Double envelope Electronic bids from eligible bidders for the Construction of following works under National Competitive Bidding Procedures.

| Contract ID. No. | Description of Work | Total Estimated Amount (Without VAT) (NRs.) | Bid security Amount (NRs.) | Bidding Document fee (NRs.) | Bid Validity/ Bid Security Validity Period | Last date and time of Bid Submission | Date and Place of Bid opening |
|---|---|---|---|---|---|---|---|
| DUDBC/ FPIU/Banke/ Works/ NCB /2079/080-10 | Integrated Urban Infrastructure Development work at Rajapur Municipality, Bardiya | - | 43,00,000.00 | 10,000.00 | 120 days/150 days after last date of bid submission | 24-February-2023 A.D (12 Falgun 2079 B.S.) at 12:00 pm | 24-February-2023 A.D (12 Falgun 2079 B.S.) at 1:00 pm, FPIU, Banke |
| DUDBC/ FPIU/Banke/ Works/ NCB /2079/080-11 | Construction of Road and Drain from Buspark Road towards Gulariya Gaun, Gulariya, Bardiya | 41,90,469.31 | 1,25,000.00 | 3,000.00 | 90 days/120 days after last date of bid submission | | |

2. Account No. for Bid Document Purchase.

| Bank | Revenue Account No. | Office Code | Revenue Heading No. |
|---|---|---|---|
| Rastriya Banjiya Bank Ltd, Nepalgunj, Banke | 1000100200010000 | 347015701 | 14229 |

3. Eligible Bidders may obtain further information from (www.bolpatra.gov.np/egp) website of Public Procurement Monitoring office (PPMO).

Project Chief

# राष्ट्रिय सभामा जनताको समस्यादेखि सुशासनका कुरा



■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय सभामा गुणस्तरहीन औषधि, महिला र बालबालिकामाथि भएका हिंसाका घटना, पाठ्यपुस्तक र सरकारी अस्पतालमा बिरामीका लागि शयचा अभाव र शीतलहरबाट जनतामा परेको अप्ठ्यारोलगायत विषय उठान भएको छ ।

राष्ट्रिय सभाको मंगलबारको बैठकको शून्य समयमा भाग लिने सदस्यहरूले सहिद सप्ताह र विमानस्थलमा भएको सोमबारको घटनाले सुशासनका लागि दिएको चुनौतीलगायत विषयमा सदनमार्फत सरकारको ध्यानाकर्षण गराएका हुन् ।

सदस्य सुमित्रा बिसीले सोमबार त्रिभुवन विमानस्थलमा भएको घटनाले सुशासनको नारालाई खिल्ली उडाउने काम भएको बताइन् । सोमबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनल शाखा प्रमुख पूर्ण चुडाललाई पक्राउ गरेको थियो । सोही विषय मंगलबार राष्ट्रिय सभामा उठेको हो ।बैठकमा सदस्य इन्दिरादेवी गौतमले बजारमा गुणस्तरहीन औषधि छ्यापछ्याप्ती रहेकाले नागरिकको स्वास्थ्यमा पर्न सक्ने गम्भीर असरलाई ध्यानमा राखी अनुगमनलाई चुस्त तुल्याउँदै त्यसलाई रोक्न माग गरिन् ।

अर्का सदस्य गंगाकुमारी बेल्वासेले पछिल्लो समय महिला र बालबालिकामाथि भएका आक्रमणका घटनाले सुरक्षा जोखिम देखिएकाले सामाजिक सुरक्षा कायम गर्न सरकारको ध्यानाकर्षण गराइन् । सदस्य तुलसाकुमारी दाहालले आगामी शैक्षिक सत्रमा विद्यालयका पाठ्यपुस्तक अभाव हुन नदिन समयमै छपाइ कार्य गर्न तथा काठमाडौंको फोहोर दीर्घकालीनरूपमा व्यवस्थापन गर्न समयमै ध्यान पुर्‍याउन आवश्यक रहेको बताइन् ।

सदस्य भगवतीकुमारी न्यौपानेले काठमाडौं उपत्यकामा रहेका सरकारी अस्पतालमा भर्ना भएका बिरामीले बेड पाउन कठिन भएकाले अस्पतालको स्तरोन्नति र उपचार सेवालाई सर्वसुलभ र सहज गर्नेतर्फ राज्यको ध्यान जानुपर्ने भनाइ राखिन् । सदस्य मायाप्रसाद शर्माले राष्ट्रिय सभामा उठेको विषयलाई मन्त्रीले जवाफ नदिएर यसको मान्यतालाई कमजोर तुल्याउने काम भएको बताउँदै सदनमा उठेको विषयमा मन्त्रीको जवाफ अनिवार्य बनाउनुपर्ने बताइन् ।

अर्का सदस्य शारदादेवी भट्टले तराई-मधेसमा चलेको शीतलहरबाट ज्येष्ठ नागरिक र बालबालिका बढी प्रभावित भएकाले बिरामीलाई औषधि र विपन्नलाई लत्ताकपडा उपलब्ध गराउने व्यवस्थाका लागि सरकारको ध्यानाकर्षण गराइन् ।

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NATIONAL SECURITY GUARDS LLC

पूर्व स्वीकृति मिति २०७९/०८/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/१०/१० | LT. No. 276429 | चलानी नं. ६०१९२१८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard/Life Guard/Guard/Happiness Consulta | 21 | 0 | 1200 | ४२,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ १८ गते (1st Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**NOVA INTERNATIONAL PVT. LTD.** श्रम ईजाजत नं. १०१९/०६८/०६९

P.O.Box: 6859, New Baneswor, Kathmandu, Nepal. Tel:- +977-1-4785761/4784578, Fax:- + 977-1-4784571
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AMIANTIT QATAR PIPES CO. LLC

पूर्व स्वीकृति मिति २०७९/१०/०९ | LT. No. : 280040 | चलानी नं. ६०१९५४५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 28 | 0 | 1000 | ३५,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ १८ गते (1st Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd** श्रम ईजाजत नं. ०८५/०५३/०५४

Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

## मलेसिया/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PYC INDUSTRIES (M) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१०/०९ | LT. No. 279854 | चलानी नं. ६०१९५५२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 5 | 0 | 1500 | ४५,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PERITONE HEALTH SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१०/०९ | LT. No. 279902 | चलानी नं. ६०१९५५२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४५,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ १८ देखि २४ गते (1-7 Feb. 2023) सम्म हुनेछ ।

कम्पनी : FAIROUZ CEMENT PRODUCTS FACTORY

पूर्व स्वीकृति मिति २०७९/१०/०९ | LT. No. 280055 | चलानी नं. ६०१९५५४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 4 | 0 | 1800 | ६२,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BSNT AL-ARABIA INDUSTRIAL SERVICES & CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०७९/०६/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/१०/१० | LT. No. 273750 | चलानी नं. ६०१८९२२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Supervisor | 1 | 0 | 2500 | ८६,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Installation Labour | 1 | 0 | 1200 | ४१,५९५ | | | | | | | |
| 3 | Whole Vehicle Driver | 1 | 0 | 1800 | ६२,३९५ | | | | | | | |
| 4 | Building Painter | 1 | 0 | 1200 | ४१,५९५ | | | | | | | |
| 5 | Labour | 4 | 0 | 1000 | ३४,६६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ १८ गते (1st Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**

Govt. License 1342/074/75

Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOHAMMED ISSA AL HABIB METAL PRODUCTS CO

पूर्व स्वीकृति मिति २०७९/०४/१७ | पून स्वीकृति मिति २०७९/१०/१० | LT. No. 268381 | चलानी नं. ६०१८४४४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Labor | 5 | 0 | 1000 | ३३,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: माघ १८ गते (1St feb. 2023)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ORACLE SYMPHONY SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/१०/१० | LT No. 279967 | चलानी नं. ६०१९५५६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Service Crew | 20 | 0 | 1500 | ४५,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ १८ गते (1st Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SUPREME OVERSEAS PVT. LTD.** श्रम ईजाजत नं. ३०१/०५९/०६०

Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np

## चौरजहारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

## ठेक्का स्वीकृतीको आशयको सूचना ।

प्रकाशित मिति : २०७९।१०।११

प्रस्तुत बिषयमा मिति २०७९।०८।१७ गते यस कार्यालयवाट प्रकाशित वोलपत्र आब्हानको सूचना बमोजिम रितपूर्वक दर्ताहुन आएका वोलपत्रहरुको वोलपत्र मुल्यांकन समितिबाट तपशिल वमोजिम वोलपत्र न्यूनतम मूल्याङ्कनको आधारमा सारभुत रुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्वन्धित सवैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपशिल:**

| क्र.सं. | ठेक्का नं. | आयोजनाको नाम र स्थल | सारभुत रुपमा प्रभाबग्राही बोलपत्रदाता वा फमको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर सहित) |
|---|---|---|---|---|
| 01 | CJM/WORKS/ NCB/01/079/080 | Construction of Gyanjyoti Aadharbhut School two room 2nd floor, Boundary & Wall Work. Chaurjahari Municipality 11, Rukum (West) | Tuphan Construction Chaurjahari- 5 Rukum (West) | रु. 5965292.43 |

नि. प्रमुख प्रशासकीय अधिकृत

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CHUN HOE TRADING SDN. BHD.

पूर्व स्वीकृति मिति: २०७९/१०/०९ | चलानी नं. ६०१९५५६६ | LT. No.279806

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४५,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ १८ गते (1st Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क।-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SAUGAT EMPLOYMENT SERVICE PVT. LTD.** श्रम ईजाजत नं. १२२१/०७४/०७५

Battisputali, Ram Mandir Marg, Kathmandu, Nepal
Tel: +977-01-4489384, 4589384 Mob.9851086131
E-mail : saugatemployment1221@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RIYADH MEAT TRADING EST

पूर्व स्वीकृति मिति २०७९/१०/०९ | LT. No. 279888 | चलानी नं. ६०१९५५१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL BUTCHER | 1 | 0 | 1200 | ४१,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ १८ गते (1st Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**National Exports Manpower Consultant Pvt. Ltd.**

Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652
E-mail : nationalexportsmc@gmail.com

Lumbini Province Government
Ministry of Tourism, Rural and Urban Development

## Urban Development & Building Office
Nepalgunj, Banke

## Invitation for Bids

**IFB No.UDBO/BANKE/WORK/2079-080/12**

**Date of publication: 2079/10/11**

1. Urban Development & Building Office, Banke invites electronic bids from Nepalese eligible bidders for the Construction Of following work under National Competitive Bidding procedures.

| S.N. | Contract Identification No. | Brief description of the Works | T.Estimated Amount (with VAT & Contg.) | Bid document price (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1 | UDBO/BANKE/NCB/WORK/ MOSQUE.BLG/079-080/51 | Construction of Aidari Misbahiya Gulsane Danish Mosque Building at Nepalgunj-6, Banke | 4999391.63 | 3000.00 | 125000.00 |
| 2. | UDBO/BANKE/NCB/ WORK/CHACHARFARKA. ROAD/079-080/52 | Upgradation of Road from south of Suntepari towards Chacharfarka Gaun, Raptisonari-5, Banke | 2999668.43 | 3000.00 | 75000.00 |
| 3. | UDBO/BANKE/NCB/ WORK/HIGHMASTLIGHT. BANSAGADHI/079-080/53 | Construction & Fitting of High Mast Light at Market Area Bansagadhi-05 Bardiya | 4654448.31 | 3000.00 | 117000.00 |

2. All bidders shall only submit their bid electronic and bids must be submitted through PPMO's e-GP system *www.bolpatra.gov.np/egp* on or before 12:00 hour on **2079/11/12**. For more detail information at 081-530401 within office hour or download the Bidding Document.

**Office chief**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### पुँजीगत खर्चमा सधैं कमजोर किन ?

चालु आर्थिक वर्षको आधा समय गुज्रिसक्दासम्म बजेट कार्यान्वयनको अवस्था निराशाजनक देखिएको छ। बजेटको लक्ष्यअनुसार न पुँजीगत खर्च भएको छ न राजस्व संकलन नै । आवको छ महिनासम्म खर्च र असुली दुवै लक्ष्यमा सरकार असफल देखिएको छ । अर्थ मन्त्रालयको तथ्यांक हेर्दा यो प्रस्ट हुन्छ ।

त्यसो त बजेटमा राखिएको लक्ष्य भेट्टाउन सरकारलाई प्रत्येक आवमा सकस हुने गरेको छ । विशेषगरी पुँजीगत खर्चको स्थिति सधैं कमजोर हुने गरेको छ । यो वर्ष पनि त्यही नियति दोहोरिने प्रस्ट देखिएको छ । किनभने चालु आर्थिक वर्षको छ महिना अर्थात् पुस मसान्तसम्म सरकारले गरेको पुँजीगत खर्च ३० प्रतिशत पनि पुगेको छैन । अर्थ मन्त्रालयका अनुसार अधिकांश मन्त्रालयहरुको पुँजीगत खर्च कमजोर स्थितिमा छ ।

पुँजीगत खर्च नहुनु भनेको विकास निर्माणका काम नहुनु हो। पूर्वाधार निर्माणका बजेटहरुलाई यस शीर्षकमा राखिन्छ। त्यसैले पुँजीगत खर्च कम देखिनुको अर्थ विकास निर्माणका कार्यहरु अगाडि बढ्न नसकेको बुझिन्छ। ठूलो विकास बजेट खर्च गर्ने मन्त्रालयहरुको स्थिति कमजोर हुँदा समग्र पुँजीगत खर्चमा प्रभाव पर्ने हुन्छ । बजेट बनाउनेदेखि कार्यान्वयन गराउने अर्थ मन्त्रालयकै पुँजीगत खर्च १० प्रतिशतभन्दा कम छ। यसले कार्यान्वयन पक्ष कति कमजोर छ भन्ने देखाउँछ।

त्यसो त जुनसुकै नयाँ सरकार र अर्थमन्त्री आउँदा पनि पुँजीगत खर्च बढाउने प्रतिबद्धता जनाउने गरेका छन् । तर, अहिलेसम्म कुनै पनि सरकार सफल भएको देखिँदैन । अर्थमन्त्री विष्णु पौडेलले सोमबार सबै विकासे मन्त्रालयका अधिकारीहरुलाई अर्थ मन्त्रालयमा बोलाएर पुँजीगत खर्च बढाउन निर्देशन दिए । उनले जुनसुकै हालतमा लक्ष्यअनुसार खर्च गर्न भनेका छन् । अर्थमन्त्रीको यो निर्देशनले साँच्चै प्रभाव पर्नेमा विश्वस्त हुने अवस्था भने छैन। किनकि, यस्तो निर्देशन विगतका अर्थमन्त्रीहरुले पनि दिने गरेका थिए । निर्देशनअनुसार काम नहुँदा त्यो 'कर्मकाण्डी' जस्तो मात्रै देखिँदै आएको छ ।

यहाँ मुख्य समस्या भनेको आर्थिक वर्षको सुरुआती समयमा खर्च नगर्ने प्रवृत्ति हो । विगतमा अर्थ मन्त्रालयको अख्तियारी लिनुपर्नेलगायत व्यवस्थाका कारण सुरुका महिनाहरुमा खर्च गर्न नसकिने अवस्था रहेको थियो । त्यो समस्यालाई मध्येनजर राख्दै पछिल्ला वर्षहरुमा साउन १ गतेबाटै खर्च गर्न सकिने व्यवस्था गरिएको हो । तर पनि समस्या हट्न सकेन । सरोकारवाला अधिकारीहरु कानुनी प्रक्रिया पूरा गर्दा समय लाग्ने र कतिपय कानुनी झण्झट रहेको बताउने गर्छन् । ती समस्याको सम्बोधन गरिसकेको अर्थ मन्त्रालयको दाबी छ । आर्थिक वर्षको सुरुमा खर्च नगरी अन्तिम महिनामा मात्र बढी खर्च गर्ने विकृत्ति रहेको छ । यसले सुशासनमा गम्भीर प्रश्न उठाउनुका साथै भएका कामको गुणस्तरसमेत कमजोर हुने विज्ञहरुको भनाइ छ । समस्याहरुको पहिचान भइसकेको र सुधारका लागि आवश्यक कानुनी सुधारहरु गरिएको भए पनि नतिजा सकारात्मक नदेखिनु गम्भीर विषय हो । समृद्धिको लक्ष्यमा अगाडि बढेको मुलुकलाई यसले ठूलो धक्का पुऱ्याइरहेकोतर्फ सरोकारवाला सबैको ध्यान जान जरुरी छ ।

# प्रधानमन्त्री दाहालका ३० दिन



▶▶ मनहरि तिमिल्सिना

> सामान्य अर्थमा हेर्दा सरकार गठनको ३० दिन ठूलो समय होइन तर, प्रत्येक दिन केही नयाँ गर्नैपर्छ भन्नेका निम्ति भने मूल्यवान् समय हो । प्रधानमन्त्री दाहालको एक महिना प्रत्येक दिन केही गर्नैपर्छ भन्ने संकल्पमा आधारित छ । 'मेरो तेस्रो कार्यकाल चुनौतीपूर्ण अवसर हो । तसर्थ, मेरो कार्यकालमा नराम्रो काम गर्दै गर्दिनँ, गर्न पनि दिन्न, जति सक्छु, देश र इतिहासले सम्झिने सन्देशमूलक काम गर्छु' भन्ने प्रधानमन्त्रीको संकल्पभित्र नै सामाजिक न्याय, सुशासन र समृद्धिको प्राथमिकता संकेन्द्रित छ ।

सामाजिक न्याय, सुशासन र समृद्धिको लक्ष्यसहित प्रधानमन्त्री पुष्पकमल दाहालले सरकारको नेतृत्व गरेको एक महिना पुगेको छ । कोभिड महामारी, विश्वव्यापीरूपमा देखापरेको आर्थिक मन्दी र त्यसको नेपालमा प्रत्यक्ष-अप्रत्यक्ष प्रभाव पारिरहेको परिप्रेक्ष्यमा प्रधानमन्त्री दाहालले देशको नेतृत्व गरिरहेका छन् । त्यसलाई स्वयं प्रधानमन्त्रीले चुनौतीपूर्ण अवसरका रूपमा संश्लेषण गर्दै आएका छन् ।

गत मंसिर ४ मा सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको परिणामप्रति सिंगो देश सशंकित थियो । निरंकुश चरित्रको संसद्, राजनीतिक दर्शन र विधारधारामा अनेकता, संसद्मा नयाँ दलहरूको उपस्थितिलगायत विषयलाई कतिपयले संसद् पूर्णकाल अगाडि बढ्दैन कि भन्ने ढंगले विश्लेषण गरेका थिए । नेकपा माओवादी केन्द्रका अध्यक्षसमेत रहेका प्रधानमन्त्री दाहालले चुनौतीभित्र अवसर देखे, जोखिमपूर्ण राजनीतिक परिस्थितिको नेतृत्व गर्ने वातावरण निर्माण गरे र सरकारको नेतृत्व गरे । आजको दिनसम्म आइपुग्दा संसद् पूर्णकाल जाँदैन कि भन्ने आशंका निवारण भएको छ । लोकतन्त्रको सुदृढीकरण, संविधानको रक्षा एवं प्रभावकारी कार्यान्वयन र राजनीतिक स्थिरताका निम्ति यो महत्त्वपूर्ण सन्देश हो ।

प्रधानमन्त्रीमा निर्वाचित भएपश्चात् दाहाललाई दुवै छिमेकी मुलुकका साथै अधिकांश मुलुकले बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्नुका साथै पारस्पारिक सद्भाव, एकता र सहकार्य थप मजबुत बनाउने प्रतिबद्धता गर्नुले वर्तमान सरकारको सन्तुलित कूटनीतिको पहिचान दिन्छ । यसै अवधिमा प्रधानमन्त्रीले भारत, चीन, अमेरिका, स्वीट्जरल्याण्ड, जर्मनी, कतार, युएईका राजदूतहरूका साथै युरोपेली युनियनलगायत प्रतिनिधिसँग भेटघाट गरेका छन् । भेटघाटका क्रममा सबै मुलुकका राजदूतले वर्तमान सरकारसँगको सहकार्य थप मजबुत हुने प्रतिबद्धता व्यक्त गर्दै मित्रराष्ट्रहरूबाट प्राप्त हुँदै आएको सद्भाव र सहयोगमा बढोत्तरी हुने विश्वास दिलाएका छन् । यसले वर्तमान सरकारको कूटनीतिक सामर्थ्य र सन्तुलित विदेश नीतिलाई प्रस्ट गर्दछ ।

प्रधानमन्त्री दाहालले पछिल्लो ३० दिनको अवधिमा ध्रुवीकृत राजनीतिलाई राष्ट्रिय सहमतिको 'फ्रेमवर्क'मा ल्याउन निकै मिहेनत गरिरहेका छन् । सत्ता साझेदार दलका नेतासँग गरिएका औपचारिक र अनौपचारिक संवादले सकारात्मक दिशा लिएका छन् । यसका कारण सरकारको पूर्णता, प्रदेश सरकारको गठनदेखि सरकारको नीतिगत प्राथमिकता र न्यूनतम साझा कार्यक्रमलगायतका काम सम्पादन भएका छन् । यसका साथै प्रधानमन्त्रीको टिमले लगभग पूर्णता प्राप्त गरी कार्यसम्पादन प्रारम्भ गरेको छ । यसबाट आगामी दिनमा नतिजामुखी काम हुने विश्वास गरिएको छ ।

मुलुकको अर्थतन्त्र चुनौतीपूर्ण अवस्थामा रहेको तथ्य कहीँकतै छिपेको छैन । यही यथार्थलाई हृदयंगम् गरी प्रधानमन्त्रीले अर्थतन्त्रका क्षेत्रमा सकारात्मक परिणाम ल्याउन मिहेनत गरिरहेका छन् । नेपाल सरकारका अर्थमन्त्री, गभर्नरका साथै आर्थिक क्षेत्रका विज्ञहरूसँग गरिएका पटक-पटकका छलफल अर्थतन्त्रको सुधारमा केन्द्रित छन् । मन्त्रिपरिषद्को पहिलो बैठकबाट नै वर्तमान सरकारले अर्थतन्त्र सुधारका क्षेत्रमा केही नीतिगत निर्णय मात्र लिएको छैन, सबल कार्यसम्पादनका कारण अर्थतन्त्रका प्रारम्भिक सूचकहरू सकारात्मक देखिएका छन् ।

पुँजीबजारमा देखिएको उत्साह, सुशासन एवं समृद्धिबारे प्रधानमन्त्रीले व्यक्त गरेका प्रतिबद्धताले मुलुकभरि गरेको सकारात्मक रक्तसञ्चार, सरकारी संयन्त्रमा अब केही हुन्छ भन्ने मनोविज्ञानको विकास, निजी क्षेत्रको सद्भावपूर्ण प्रतिक्रिया त्यसैका उपज हुन् । अर्थतन्त्रमा सकारात्मक योगदान दिने र उत्साहपूर्ण परिस्थिति निर्माण गर्ने हेतुले मौद्रिक नीति परिमार्जनसमेत भएको छ ।

तीस दिनको अवधिमा प्रधानमन्त्रीले आर्थिक र सामाजिक महत्त्वका सार्वजनिक कार्यक्रममा सम्बोधन गरेका छन् । ती सबै कार्यक्रममा सरकारको प्राथमिकता प्रस्टचाउँदै प्रधानमन्त्रीले सामाजिक न्याय, सुशासन र समृद्धि वर्तमान सरकारको लक्ष्य भएको स्पष्ट गरेका छन् । यस अवधिमा नेपाल हस्तकला महासंघको साधारणसभा, ग्लोबल आइएमई बैंकको एकीकृत कारोबार शुभारम्भ, राष्ट्रिय योग दिवस समारोह, एक हजार मिर्गौला प्रत्यारोपण गरिएको सन्दर्भमा सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रको विशेष कार्यक्रम, सोनाम ल्होसार समारोह, भेटेरेनरी संघको कार्यक्रम, सशस्त्र प्रहरी बलको स्थापना दिवसलगायत सार्वजनिक कार्यक्रममा सहभागी भई सरकारको प्राथमिकतामा साथ र सहयोगका लागि समस्त देशवासीलाई सार्वजनिक अपिल गरेका छन् ।

सुशासन र सेवा प्रवाहका क्षेत्रमासमेत प्रधानमन्त्रीले प्रारम्भिक पहल लिइसकेका छन् । प्रधानमन्त्रीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीसँग छलफल गरी सुशासनका क्षेत्रमा विशेष पहल लिन आग्रह मात्र गरेका छैनन्, आवश्यक नीतिगत, संस्थागत, संरचनागत सहयोगका लागि सरकार प्रतिबद्ध रहेकोसमेत स्पष्ट पारेका छन् । यसका साथै राहदानीको प्राविधिक कक्षमा देखापरेको समस्या प्रधानमन्त्रीकै विशेष निर्देशनमा सम्बोधन भएको छ । प्रधानमन्त्रीकै निर्देशनमा पेट्रोलियम पदार्थको मूल्यमा कटौती भएको छ । यद्यपि, प्रधानमन्त्रीले निर्देशित गरेअनुसारको मूल्य कटौतीका लागि थप अध्ययन र सहजीकरणको आवश्यकता देखिन्छ ।

राजनीतिक र सामाजिक प्रकृतिका माग र मुद्दा सम्बोधनको प्रक्रियासमेत अगाडि बढाइएको छ । यस अवधिमा मिटरब्याजीबाट पीडित किसानसँग भेट गरी उनीहरूका समस्या समाधानका लागि गरिएको पहल, वादी समुदायका माग र मुद्दाप्रति चासो, एनआरएनका पदाधिकारीहरूसँग छलफल भएको छ। साथै, नेपाल पत्रकार महासंघ र सञ्चार क्षेत्रका विज्ञहरूसँग संवाद गरी प्रधानमन्त्रीले वर्तमान सरकारले ध्यान दिनुपर्ने विषयबारे सुझाव मागेका छन् । यी छलफल रूपमा सामान्य देखिए पनि सरकारको आगामी गन्तव्य निर्धारणका निम्ति महत्त्वपूर्ण हुने छन् ।

यसै अवधिमा देशले निकै ठूलो दुर्घटनाको सामना गर्नुपऱ्यो । यही माघ १ गते पोखरामा भएको जहाज दुर्घटनामा ७२ यात्रुको निधन भएपश्चात् सिंगो देश नै स्तब्ध बन्यो । दुर्घटनाको सूचना प्राप्त गर्नेबित्तिकै स्वयं प्रधानमन्त्री त्रिभुवन विमानस्थलको प्राविधिक कक्षमा पुगेर उद्धारको नेतृत्व लिए । तत्पश्चात् बसेको मन्त्रिपरिषद्को आकस्मिक बैठकले राष्ट्रिय शोक घोषणा गर्दै माघ २ गतेका लागि शोक बिदा घोषणा गऱ्यो । जहाज दुर्घटनाको छानबिनका लागि सरकारले उच्चस्तरीय कार्यदल बनाउनुका साथै सम्पूर्ण जहाजको प्राविधिक परीक्षण अनिवार्य गर्ने निर्णय गऱ्यो । साथै कम्बोडियामा निधन भएका निराकार पाण्डेको परिवारसँग भेटी सद्भाव र शव ल्याउने कामको सहजीकरण गरे । यसै अवधिमा वैदेशिक रोजगारीको क्रममा विभिन्न मुलुकमा अलपत्र परेका र सास्ती भोगेका नेपालीहरूलाई स्वदेश फर्काउने कार्यसमेत सम्पादन गरिएको छ ।

यस अवधिमा प्रधानमन्त्री कार्यालयका कामलाई प्रभावकारी बनाउन आवश्यक आन्तरिक गृहकार्य सम्पन्न गरिएको छ । 'हेलो सरकार'को प्रभावकारी सञ्चालन, प्रधानमन्त्री कार्यालयमा रहेको प्राविधिक कक्षको चुस्तता, विगत लामो समयदेखि थन्किएका प्राविधिक सामानको निरीक्षण, मर्मतलगायत काम पनि यसै अवधिमा गरिएको छ । यसले आगामी दिनमा प्रविधिमार्फत चुस्त र द्रुत कार्यसम्पादनमा सहयोग पुग्नेछ ।

प्रधानमन्त्रीले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बसेर नै देशको नेतृत्व गर्ने संकल्प गरेका छन् । ३० दिनको अवधिमा २१ दिन सिंहदरबार बसेर कार्यसम्पादन गर्नुले नै प्रधानमन्त्रीको उक्त संकल्पको व्यावहारिकता पुष्टि हुन्छ । यसले सम्पूर्ण मन्त्रालय, सिंगो प्रशासन संयन्त्रलाई प्रभावकारी परिचालन गर्ने वातावरण बनेको छ ।

निर्वाचनमार्फत आएको नयाँ संसद्ले सभामुख र उपसभामुख निर्वाचित गरिसकेको छ । साथै, प्रदेश सरकारहरू गठन कार्य आधारभूतरूपमा पूरा भएको छ । यी निर्वाचनमा प्रधानमन्त्रीको प्रत्यक्ष भूमिका नहुने भए पनि सहकार्यको आधार तय, सहमतिको वातावरण निर्माण र निर्वाचन प्रक्रियामा उनले अभिभावकीय भूमिका निर्वाह गरेका छन् ।

संघीय प्रणाली पहिचान र सामर्थ्य दुवै दृष्टिले नेपालका लागि आवश्यक भएकै कारण आज हामी यसको अभ्यासमा छौं तर, संघीयताको अभ्यासका क्रममा भएका त्रुटि र कतिपय अनुभवका सीमालाई समेत लिएर एकात्मक व्यवस्थाका पक्षधर शक्तिहरू संघीयता अनावश्यक भएको तर्क गरिरहेका छन् । यस्तो परिस्थितिमा एकातर्फ संघीयताको पहरेदारी गर्नु र अर्कोतर्फ संघीयताको अभ्यासका क्रममा भएका त्रुटिहरू सच्याउनु आवश्यक हुन्छ । यही यथार्थलाई केन्द्रमा राखेर प्रधानमन्त्रीले प्रदेशमा मन्त्रालयको संख्या घटाएर सांसद संख्याको १० प्रतिशत राख्न प्रस्ताव गरेका थिए । प्रधानमन्त्रीको उक्त प्रस्ताव सत्ता साझेदार दलका नेताहरूले समेत स्वीकार गरेका छन् । तत्पश्चात् प्रधानमन्त्रीकै प्रस्तावअनुरूप प्रदेश १, गण्डकी प्रदेश र कर्णाली प्रदेशले मन्त्रालयको संख्या कटौती गरिसकेका छन्, बागमती प्रदेशले संख्या कटौतीको गृहकार्य थालेको छ । बाँकी प्रदेशहरूले पनि यसलाई कार्यान्वयन गरेर जाने प्रतिबद्धता व्यक्त गरेका छन् । प्रधानमन्त्रीको यो प्रस्तावले एकातर्फ प्रदेशहरूको खर्च भार घट्ने, प्रशासनिक क्षेत्रमा हुँदै आएको खर्च विकास र जनताको जीवनस्तर उकास्न स्थानान्तरण गर्न सकिने र अर्कोतर्फ वित्तीय सुशासन र मितव्ययिताको आधार हुनेछ ।

प्रधानमन्त्रीले नेपाल सरकारका सचिवहरूलाई दिएको निर्देशन र प्रतिनिधिसभाबाट विश्वासको मत लिनुपूर्व गरेका सम्बोधनको विशेष महत्त्व छ। ती निर्देशन र सम्बोधनमा प्रधानमन्त्रीले देशका समस्याको पहिचान मात्र गरेका छैनन्, समाधानका आधारसमेत प्रस्तुत गरेका छन् । प्रधानमन्त्रीकै प्राथमिकताका आधारमा सत्ता साझेदार दलहरूले सरकारको नीतिगत प्राथमिकता तथा न्यूनतम कार्यक्रमसमेत प्रस्तुत गरिसकेका छन्, जुन कार्यक्रमलाई मन्त्रिपरिषद्को बैठकले अनुमोदन गरी कार्यान्वयनका लागि निर्देशित गरिसकेको छ । नेपाल सरकारका सचिवहरूलाई प्रधानमन्त्रीले दिएको निर्देशनमा एक महिनाभित्र निर्देशनको सम्बोधन गर्न भनिएको थियो । त्यसै आधारमा मन्त्रालयहरूले प्रधानमन्त्रीको निर्देशन सम्बोधन गर्ने कार्ययोजना तयार पारिसकेका छन् । आगामी दिनमा उक्त कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको नेतृत्व र अनुगमन गर्नु सरकारको कार्यभार हुनेछ । साथै, प्रधानमन्त्री स्वयंले राष्ट्रिय गौरवका आयोजना र अन्य ठूला आयोजनाको आफैं स्थलगत निरीक्षण गर्ने, देखिएका समस्याको पहिचान गर्ने, त्यसको समाधानका लागि कार्ययोजना बनाउने र जनशक्ति परिचालन गर्नेगरी तयारी गरिरहेका छन् ।

गत पुस २६ गते प्रतिनिधिसभाबाट विश्वासको मत लिने क्रममा प्रधानमन्त्री दाहालप्रति जुन समर्थन देखापऱ्यो, त्यो नेपाली राजनीतिकै निम्ति अभूतपूर्व र ऐतिहासिक छ । सत्ता साझेदार दलहरूले मात्र होइन, प्रमुख प्रतिपक्षी दललगायत संसद्मा सहभागी सबैजसो दलले विश्वास मत दिनु देशको सर्वस्वीकार नेतृत्व वर्तमान प्रधानमन्त्री नै भएको स्वीकारोक्ति हो । २७० जना सांसद उपस्थित भएको सदनबाट २६८ मत प्राप्त गर्नु प्रधानमन्त्रीका निम्ति गौरवको कुरा मात्र होइन, विश्वासको मत कदर गर्दै राष्ट्रिय सहमति र सहकार्यको नेतृत्व गर्ने चुनौतीसमेत हो । यही चुनौतीलाई स्वीकार गरेर नै प्रधानमन्त्रीले राष्ट्रका संवैधानिक र सर्वोच्च पदहरूमा राष्ट्रिय सहमतिका निम्ति प्रयत्न गरिरहेका छन् ।

सामान्य अर्थमा हेर्दा सरकार गठनको ३० दिन ठूलो समय होइन तर, प्रत्येक दिन केही नयाँ गर्नैपर्छ भन्नेका निम्ति भने मूल्यवान् समय हो । प्रधानमन्त्री दाहालको एक महिना प्रत्येक दिन केही गर्नैपर्छ भन्ने संकल्पमा आधारित छ । 'मेरो तेस्रो कार्यकाल चुनौतीपूर्ण अवसर हो । तसर्थ, मेरो कार्यकालमा नराम्रो काम गर्दै गर्दिनँ, गर्न पनि दिन्न, जति सक्छु, देश र इतिहासले सम्झिने सन्देशमूलक काम गर्छु' भन्ने प्रधानमन्त्रीको संकल्पभित्र नै सामाजिक न्याय, सुशासन र समृद्धिको प्राथमिकता संकेन्द्रित छ । *रासस*

*(लेखक तिमिल्सिना प्रधानमन्त्री दाहालका प्रेस विज्ञ हुन्)*

## मनन्योग्य

### चाणक्य नीति

राजा पर्वतकले आवेगमा ती सुन्दरीलाई बाहुपासमा लिए । उनलाई एक कपकपी भयो सुन्दरीलाई चिन्दै नचिनी आवेगमा भरपूर एक चुम्बन लिए मानी राजालाई हजारौं विषधरले एकैपटक हसेजस्तो भयो। राजा संजाशून्य भए (अर्थात् राजाको प्राण गयो ।)

बिहानको सूर्य एउटा नयाँ हलचल लिएर उदाए राजा पर्वतकको मृत्युको समाचार महलसहित चारैतिर फैलियो। चाणक्य र चन्द्रगुप्त पनि पर्वतकका महलतिर लागे । पर्वतकको शरीर नीलो काँचजस्तो भएको देखे । मुखबाट फिज निस्की विच्छ्यौनामा जमेको थियो । ती सुन्दरी डरले काम्दै एउटा कुनामा खडा थिइन् ।

चाणक्यले चन्द्रगुप्तपट्टि हेर्दै भने- 'देख्नुभो राजन् । यो विषकन्या थिई । यो राक्षसको डरलाग्दो षड्यन्त्र थियो । तर, उसलाई यो थाहा थिएन चाणक्यलाई झुक्याउन यति सरल छैन। मैले आँखाको नानी हेरी थाहा पाएँ । यी विषकन्या हुन् । यो सबै भेद त्यही सोमदेवबाट थाहा भयो । ऊ वास्तवमां राक्षसको विश्वासी गुप्तचर थियो। हिजै सोमदत्त बन्दी भइसक्यो । यी सुन्दरीलाई पनि देशनिकाला गर्नोस् किन कि यी सुन्दरी अरू कसैको मृत्युको कारण नबनून् ।

"सुन्नोस् । पर्वतक राजाको मृत्यु अफसोच भयो होला वास्तवमा तिनी हाम्रा मित्र थिएनन् राक्षसको गुप्तयोजना मलाई थाहा भयो यसैले अहिले राक्षसका तीरबाट राक्षसको पराजय भयो ।"

यति भन्दै चाणक्य आफ्ना निवासतर्फ लागे । चन्द्रगुप्त सोच्न थाले बी रहस्यमय मानिसका विषयमा जसलाई चन्द्रगुप्तले त्रिकालज्ञ हुन् भन्ने सोचे ।

चन्द्रगुप्तको राज्याभिषेक भयो चाणक्य अझै शान्त थिएनन्, चन्द्रगुप्तलाई भावी योजनाबारे परिचित गराउदै थिए । आकान्ता सिकन्दर त फर्केर फेरि आएन तर उसको सेनापति सेल्युकस फेरि आफ्ना सेना बटुलेर भारततिर आउदैछु भन्ने सूचनाले चाणक्य विचलित भइरहेका थिए । क्रमशः

## पत्र-मञ्जुषा

### यातायातमन्त्री श्रेष्ठको 'अपरिपक्व' निर्देशन

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले गत पुस ३ गतेदेखि जरिवाना बढाएको थियो । ट्राफिक प्रमुख मीरा चौधरीले गल्ती गर्ने सवार साधनलाई १५ सय रुपैयाँ जरिवाना पुऱ्याएर लागू गरेकी थिइन् । तर, यातायातमन्त्री नारायणकाजी श्रेष्ठको दबाबमा परेका यातायात व्यवस्था विभागका महानिर्देशक टोकराज पाण्डेले उक्त निर्णय तत्कालका लागि स्थगित गराइदिएका छन् । भौतिक पूर्वाधार तथा यातायातमन्त्रीको जिम्मेवारी श्रेष्ठले सम्हाल्नेबित्तिकै यातायात व्यवसायी मन्त्रालय पुगेका थिए ।

यातायातमन्त्री श्रेष्ठलाई प्रलोभनमा पारेर यातायात व्यवसायीले आफ्नो पक्षमा फैसला गराइहाले । मन्त्री श्रेष्ठले जरिवाना बढाउने निर्णय कार्यान्वयन नगर्नू भनेर निर्देशन दिएपछि महानिर्देशक पाण्डे पछि हटे । उनले ट्राफिक प्रहरी कार्यालयलाई जरिवाना नबढाउन निर्देशन दिए । मन्त्री श्रेष्ठको निर्देशनका कारण राज्यको ढुकुटीमा आउनुपर्ने राजस्व गुम्न पुग्यो । उही दशक नाघिसकेको पुरानो नियम कार्यान्वयनमा ल्याउँदा राज्यलाई धेरै घाटा भएको छ ।

ट्राफिकले दैनिक पाँच हजार गाडीलाई कारबाही गर्छ । त्यसबाट पचासौं लाख रुपैयाँ राजस्व उठ्थ्यो । राज्यलाई धेरै फाइदा हुने थियो । मन्त्री श्रेष्ठ बीचमा अड्चन बनिदिँदा त्यहाँबाट राज्यले हात धुनुपऱ्यो । यातायात व्यवसायीहरुले यातायातमन्त्री श्रेष्ठलाई दबाब दिँदा राम्रो निर्णय उल्टियो । यता यातायात व्यवसायीहरुले पार्टी परिवर्तन गर्ने घोषणा पनि गरे होलान् । अनि मन्त्रीलाई के चाहियो ?

थोरै जरिवाना हुँदा सवारी चालकले ट्राफिक नियमको अटेर गर्छन् । जाबो ५०० त हो नि भन्दै ट्राफिक नियम तोडेको तोडचै गर्छन् । अहिले ५०० रुपैयाँ एक कप चिया खाएजस्तै भएको छ । त्यही भएर चालकले लापरवाही गरेर गाडी चलाउँछन् । यही कारणले दुर्घटनाको जोखिम पनि उत्तिकै बढेको छ । ट्राफिक नियमको पाइलैपिच्छे धज्जी उडाउने काम गरेको छ । थोत्रा गाडी चलाउने, प्रदूषण बढाउने, दुर्घटना गराउने, सिट क्षमताभन्दा बढी यात्रु हाल्ने, जहाँ मन लाग्यो त्यहीं यात्रु ओराल्ने र चढाउनेलगायतका कार्य बढेका छन् ।

विज्ञहरुले ट्राफिक जरिवाना कम भयो भने लामो समयदेखि आवाज उठाउँदै आएका थिए । जरिवाना कम हुँदा ट्राफिक नियम मानेनन्, दुर्घटना ह्वात्तै बढ्यो, ट्राफिक जाम बढ्यो भनेर जरिवाना बढाउन माग गर्दै आएका थिए । जरिवाना पाँचदेखि १५ हजार पुऱ्याउनुपर्ने उनीहरुको भनाइ छ । जरिवाना यो सीमामा गरिदिँदा सबै सिस्टममा आउने उनीहरु सुनाउँछन् । दुई रुपैयाँको लोभमा कसले पाँच हजार जरिवाना तिर्न चाहन्छ ? जरिवाना बढाउँदा राज्यको ढुकुटीमा राजस्व पनि जम्मा हुने अनि ट्राफिक बेथिति पनि कम हुने ।

यात्रुले पनि सहज र सुरक्षित यात्राको अनुभव गर्न पाउँथे । कारबाही गर्दा १५ सय रुपैयाँ जरिवाना लिनु भनेर २०७५ फागुनमा यातायात व्यवस्था विभागले ट्राफिक कार्यालयलाई परिपत्र गरेको थियो । तर, यातायात व्यवसायीको दबाबमा परेर यसअघिका ट्राफिक प्रमुखले घर्रामा थन्क्याएका थिए । ट्राफिक प्रमुख चौधरीले चार वर्षअघि विभागबाट आएको परिपत्रलाई कार्यान्वयन गर्न खोजेकी थिइन् ।

पछिल्लो अवस्थालाई मध्यनजर गर्ने हो भने राजस्व उठेको छैन । सरकारले लक्ष्यभन्दा निकै न्यून राजस्व उठाएको छ । राज्यको ढुकुटी रित्तिसकेको छ । विदेशीले ऋण र अनुदान नदिने हो भने सरकारले सरकारी कर्मचारीलाई तलब खुवाउन नसक्ने अवस्था बनेको छ । नयाँ सरकार र मन्त्री आउनेबित्तिकै राष्ट्र र मुलुकभन्दा पनि सीमित व्यवसायीको हितमा काम गरिदिन्छन् । ट्राफिकले लिइरहेको राजस्व स्थगित गराइँदा मुलुकले फेरि हात फैलाउनुपर्ने आवस्था आएको छ । बढाइएको जरिवाना लागू नगराउने यातायातमन्त्री श्रेष्ठको निर्णय एकदमै अव्यावहारिक छ । यो तत्काल सच्याउनुपर्छ ।

*-अम्बर लामा, कुलेश्वर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ। यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# माथिल्लो कर्णालीमा हिमपात, किसानलाई राहत



**जुम्ला–** जुम्लालगायत माथिल्लो कर्णालीका जिल्लामा भारी हिमपात भएसँगै यहाँका किसानलाई राहत भएको छ। यो वर्षको हिउँदमा जुम्लामा पहिलोपटक मंगलबार बिहान ५ बजेबाट हिमपात भएको चन्दननाथ नगरपालिकाकी सुनिता पाण्डेले बताइन्।

दक्षिणी र पश्चिमी वायुको प्रभावका कारण कर्णालीलगायत पश्चिम नेपालभर वर्षात् भएको छ। हिउँ पर्न थालेपछिको जुम्लाको जनजीवन कष्टकर बनेको छ। जिल्लाको उच्च ठाउँमा दुईदेखि तीन फिटसम्म हिउँ जमेको छ।

यहाँको तापक्रम 'माइनस'मा पुगेको हावापानी फिल्ड कार्यालय जुम्लाले जनाएको छ। यस्तै, जुम्ला, हुम्ला, डोल्पा, मुगु र कालिकोटका उच्च भेगमासमेत हिउँपात भएको छ। हिउँ परेपछि सदरमुकाम खलंगाको बजार बन्द भएको छ। यातायातका साधन राम्रोसँग चल्न पाएका छैनन्।

जनजीवन कष्टकर भएपनि हिमपातका कारण हिउँदे बालीलाई भने राहत पुग्ने कृषि विकास कार्यालय जुम्लाका प्रमुख गणेश अधिकारीको भनाइ छ। स्याउका नयाँ बिरुवा लगाउने समयमा हिउँ परेकोले किसानलाई फाइदा भएको कार्यालयको भनाइ छ।

हिउँपोखरी बनाएका किसानलाई हिउँ संकलन गर्न र नयाँ बाली लगाउन उपयुक्त हुने सिञ्जा गाउँपालिका कृषि शाखाका प्रविधिक दलवीर वडले बताए। हिमपातपछि जुम्लालगायत कर्णालीको हवाई विमानस्थल बन्द भएको छ।

धावनमार्गमै हिउँ जमेपछि मंगलबार बिहान कुनै पनि उडान नभएको नागरिक उड्डयन प्राधिकरणको कार्यालय जुम्लाले जनाएको छ। जिल्लाबाट चल्ने लामो तथा छोटो दुरीका यातायातका साधन चल्न सकेका छैनन्। हिमपातका कारण जिल्लाका विभिन्न ठाउँमा राखिएका मोबाइल टावर र विद्युत् सेवा समय-समयमा अवरोध भइरहेको छ। *रासस*

बाजुरामा भूकम्प

# एक जनाको मृत्यु, २५ घरमा क्षति



**बाजुरा–** भूकम्पपछि बाजुरामा ढुंगाले लागेर मंगलबार एक महिलाको मृत्यु भएको छ। मृत्यु हुनेमा गौमुल गाउँपालिका-२ आगरकी ३५ वर्षीया जमुना रोकाया रहेकी छन्।

घाँस काट्न गएकी रोकायाको भीरबाट खसेको ढुंगाले लागेर मृत्यु भएको स्थानीय प्रेमबहादुर रोकायाले जानकारी दिए। घाँस ल्याएर घर फर्किने क्रममा ढुंगाले टाउकोमा लाग्दा उनको घट्नास्थलमै मृत्यु भएको हो।

भूकम्पबाट २५ घरमा क्षति

बाजुराको स्वामीकार्तिक गाउँपालिकाको मेला केन्द्रबिन्दु भइ मंगलबार दिउँसो २ बजेर ४३ मिनेटमा गएको ५.९ रेक्टरको भूकम्प गएको थियो। उक्त भूकम्पबाट जिल्लाका विभिन्न ठाउँमा गरी २५ घरमा क्षति पुऱ्याएको छ।

भूकम्पबाट एक जना घाइते भएका छन्। भूकम्पबाट गौमुल गाउँपालिका-१ अम्लिसका रामदल बोहरा घाइते भएका छन्।

प्रहरी नायव उपरीक्षक सूर्य थापाका अनुसार भूकम्पबाट बडिमालिका नगरपालिका, हिमाली गाउँपालिका र गौमुल गाउँपालिकामा विभिन्न व्यक्तिका घरमा क्षति पुगेको छ। भूकम्पबाट बडिमालिका-२ भौनेरास्थित सत्यवादी माविको भवनसमेत भत्केको छ। भूकम्पपछि जिल्लाको टेलिफोन सेवा अवरुद्ध छ। *रासस*


## मोटरसाइकल हराएको सूचना

मिति २०७९/०८/१९ गते निम्न विवरणको रातो, कालो रङ्को पल्सर 220ccको मोटरसाइकल गोकर्णेश्वर ६ नयाँबस्ती स्थीत सडकमा पार्किङ गरिराखेको अवस्थामा साँझको करिब ५:३० बजे चोरी भएको हुँदा देख्नुहुने महानुभावले तुरुन्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

सवारी धनीको नाम : सुशिल तामाङ
बाइक नं. : बा.प्र -०२-३६ प ०९९३
च्यासिस नं.:MD2A13EX8CK80873
इन्जिन नं. : DKXCNK35248
ठेगाना : गो.न.पा.-६, नयाँबस्ती
मो. : ९८५१२२९८१७



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनीः LADANG PPLR SDN. BHD

पूर्व स्वीकृति मितिः २०७९/०२/०३ पुन विज्ञापन स्वीकृति मिति : २०७९/१०/०९ LT. No. 262941 चलानी नं. ६०१७९१५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Workers | 18 | 0 | 1500 | ४५,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ १७ गते (31st Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रोजगारदाता आफैले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२५७/०७४/०७५

**J.P. Overseas Pvt. Ltd.**
Pingalasthan-9 Gausala, Ktm Nepal,Tel: +977-4490851
E-mail:jpoverseasnp@gmail.com, Web:www.jpoverseasnepal.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SECRET RECIPE MANUFACTRING SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/१०/०९ LT. No. 279830 चलानी नं. ६०१९५५६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 50 | 0 | 1500 | ४५,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ १८ गते (1st Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MERIDIAN OVERSEAS PVT. LTD.** श्रम ईजाजत नं. ६१३/०६२/०६३
Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, Fax No: +977-1-4390465



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BRANCH OF SPECIAL FOOD SERVICES RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति २०७९/१०/०९ LT. No. 280042 चलानी नं. ६०१९५५३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Labor | 20 | 0 | 1000 | ३४,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ १८ गते (1st Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**K.B. International Employment Pvt. Ltd.**
Airport, Kathmandu, Nepal. Tel : +977-1-4112758, Fax : +977-1-4112759
E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BIERHAUS CAFE SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/१०/०९ LT. No. 279903 चलानी नं. ६०१९५५७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Resturant Worker. | 10 | 0 | 1500 | ४५,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ELECTRICAL A. MODERN FACTORY CO.

पूर्व स्वीकृति मिति : २०७९/१०/०९ LT. No. 280068 चलानी नं. ६०१९५५४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 3 | 0 | 1000 | ३४,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ १८ गते (1st Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4461297, 4468625, Fax: +977-01-4462046



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OSUS AL-ALAM CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०७९/०९/२० पुन विज्ञापन स्वीकृति मिति : २०७९/१०/१० LT. No. 278928 चलानी न ६०१९४४२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOR | 02 | 0 | 1000 | ३४,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ १८ गते (1st Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ५४२/०६१/०६२

**MBK OVERSEAS PVT. LTD.**
Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Fax:- + 977-1-4989762
Email: mbkoverseas@gmail.com, www.mbkoverseas.com
Contact: 9851112074,9841935884,9841541592, 9808658844



## मलेसिया/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MARINA SOFA SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१०/१० LT. No. 280015 चलानी नं. ६०१९५५७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Worker | 5 | 0 | 1500 | ४५,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

कम्पनी : TRANSPORT FAHAD NAFAL AL OTAIBI

पूर्व स्वीकृति मिति २०७९/१०/०९ LT. No. 280049 चलानी नं. ६०१९५५७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Public Car Driver | 2 | 0 | 1800 | ६२,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ १८ गते (1st Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Amal Overseas Pvt. Ltd.**
Govt. License No. 1345/074/075
Samakhusi-26, Kathmandu, Nepal +977-1-4360015, 4366061
E-mail : info@alamaloverseas.com, alamaloverseas@gmail.com
Website : alamaloverseas.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-SAQALAT UNITED FACTORY FOR ALUMINUM AND IRONSMITH WORKS

पूर्व स्वीकृति मितिः २०७९/०६/०२ पुन विज्ञापन स्वीकृति मिति : २०७९/१०/१० LT. No. 272219 चलानी नं. ६०१८७९६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Drivers | 2 | 0 | 180 | ७६,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Finishing Carpentar | 4 | 0 | 110 | ४६,८९५ | | | | | | | |
| 3 | Concrete Carpentar | 1 | 0 | 110 | ४६,८९५ | | | | | | | |
| 4 | Bricks Mason | 3 | 0 | 110 | ४६,८९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ १८ गते (1st Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt Lic No. 780/065/066
**LOTUS Human Resourse Pvt. Ltd**
A Complete Human Resource Company
P.O. Box: 23440, Basundhara, Kathmandu, Nepal. Tel: +00977-1-4366177/4366189, Fax: 00977-1-4366035
Email: lotushumanresource@wlink.com.np, info@lotushrnepal.com, Web: www.lotushrnepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OLAYAN FOOD SERVICES CO

पूर्व स्वीकृति मिति २०७९/०५/२१ पुन विज्ञापन स्वीकृति मिति : २०७९/१०/१० LT. No. 270491 चलानी नं. ६०१८६९७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fast Food Maker | 26 | 0 | 1200 | ४१,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ १८ गते (1st Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

RECRUITMENT श्रम ईजाजत नं. ६६६/०६३/०६४

**Leading Foreign Recruitment Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-411294, 9849325814/9818712550
Fax No. : +977-1-4465453,E-mail: hospitallity.lfr@gmail.com, Web: www.lefrn.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी :SAND LAYER CO LTD.

पूर्व स्वीकृति मितिः २०७९/१०/०९ LT. No. 280013 चलानी नं.६०१९५४९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen, Road Equipment Driver | 2 | 0 | 2200 | ७६,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ १८ गते (1st Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 267/058/059

**ARANIKO OVERSEAS PVT. LTD.**
Kupondole (Opposite Hotel Himalaya)
Kathmandu, Nepal.Tel: +977 1 5455365/5010657/5010658,Email: infoaraniko267@gmail.com


# महाराजा बचत तथा ऋण सहकारी संस्था लि.

## Maharaja Saving and Credit Co-operative Ltd.

## महाराजा बचत तथा ऋण सहकारी संस्था लि. को भाखा नाघेको कर्जा बुझाउने बारे ३५ दिने जरूरी सूचना

यस संस्थाको तपसील बमोजिमका सदस्य व्यक्तिले निम्न उद्देश्यको लागि कर्जा लिई हाल सम्म कर्जा नबुझाई भाखा नाघि ऋण तिर्ने सम्बन्धमा संस्थासँग गरेको सम्झौता अनुसारको रकम बुझाउने सम्बन्धमा यस संस्थाले बारम्बार ताकेता गर्दा पनि आलटाल गरि बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा संस्थाले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थामा आई बुझाउनको लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा सहकारी ऐन तथा संस्थाको ऋण लगानी तथा अशुली नीति दफा नं ८.१२ उपदफा ३ र ४ तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिंदा लेखिदिएको धितो ३६ औं दिन तपसील बमोजिमको धितो लिलामी तथा सकार प्रकृया अवलम्बन गरि संस्थाले आफ्नो लेना रकम अशुल गर्नेछ।

**तपसीलः**

| क.स. | ऋणीको नाम | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | ठेगाना | उद्देश्य |
|---|---|---|---|---|---|
| १. | बलराम दमाई | मैते दमाई | मनबोटे दमाई | साविक नवलपरासी जिल्ला देवचुली गाविस वडा न.१, ठेगाना भई हाल देवचुली न.पा वडा नं.९ नवलपरासी ब.सु.पु. बस्दै आएको | व्यापार |
| २. | शर्मिला गुरुङ | गोपाल बहादुर गुरुङ | ओम प्रसाद गुरुङ | साविक नवलपरासी जिल्ला त्रि.सु.न.पा./गा.वि.स.वडा न.६ ठेगाना भई हाल कावासोती न.पा. वडा नं.३ नवलपरासी ब.सु.पु बस्दै आएको | व्यापार |

**लिलाम हुने धितो बिबरण क्रमशः**

| क.स | जग्गा धनिको नाम | धितो ठेगाना बिबरण | कि.नं. | क्षेत्रफल | लिलामी हुने न्युनतम रकम |
|---|---|---|---|---|---|
| १. | बलराम दमाई | साविक देवचुली गाविस वडा नं.१, १ख, नवलपरासी, हाल देवचुली न.पा. ९, न.प.ब.सु.पु | ५२२ | ०-०-१६.७५-० | रु.८,३५,०००।- |
| २. | शर्मिला गुरुङ | साविक कावासोती गाविस वडा नं.४, ४ख, नवलपरासी हाल कावासोती न.पा वडा नं.३, न.प.व.सु.पु | २३६६ | ०-०-११-०.७५ | रु.२९,९७,०००। |

**महाराजा बचत तथा ऋण सहकारी संस्था लि.**
कावासोती न.पा.२. नवलपरासी ब.सु.पु.

# प्रभाव दैनिक

बुधबार, ११ माघ २०७९ (Wednesday, January 25, 2023)


रूपशाला

## हरिवंशले भित्र्याए नयाँ गाडी

चर्चित हास्य अभिनेता हरिवंश आचार्यले नयाँ गाडी किनेका छन् । उनले मंगलबार बीवाईडी ब्राण्डको एट्टो–३ कार किनेका हुन् । ९० लाख रूपैयाँ मुल्य पर्ने एट्टो–३ बिजुली गाडी हो । कलाकार आचार्यले नयाँ गाडी किनेको सामाजिक संजाल मार्फत सार्वजनिक गरेका छन् । गाडीको तस्बिरका साथ उनले लेखेका छन्, 'आजबाट म पनि देशमै उत्पादित बिजुली गाडीमा ।' कार्बन तटस्थ जीवन बाँच्ने घोषणा गरेका आचार्यले बिजुली गाडी चढ्दै आएका हरिवंश आचार्यले यस अगाडि स्कार्पियो गाडी चढ्दै आएका थिए । बिजुली खपत गर्नुपर्छ भन्ने सन्देश दिन आफूले बिजुली गाडी रोजेको बताए ।



## जानुका खतिवडाको 'आतोओडा' सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** कवी जानुका खतिवडाद्वारा लिखित लोपोन्मुख सन्थाल जातिको जीवनीमा आधारित उपन्यास 'आतोओडा'को गौरादहमा विमोचन गरिएको छ । गौरादह साहित्य समाजले सोमबार आयोजना गरेको कार्यक्रममा संविधानसभा सदस्य दीपक कार्कीले उपन्यास विमोचन गरे ।

पूर्वीझापा, मोरङ र सुनसरीमा मुख्य बसोबास गर्ने यो समुदायको जीवनीमा आधारित उपन्यास पहिलो पटक प्रकाशित भएको लेखक खतिवडाले दाबी गरे । त्यस अवसरमा वक्ताहरुले उपन्यासले सन्थाल समुदायको जीवन सङ्घर्ष, भूमिहीन तथा नागरिकता विहीनताको कथाव्यथा र कठिनाइलाई मुखरित गरेको उल्लेख गरे ।

काठमाडौंमा रहेर साहित्य क्षेत्रमा लेखकले आफ्नो जन्मस्थानको विषय परिवेशलाई आधार बनाएर उपन्यास लेखेको बताए । उनको यो आफ्नो पाचौं कृति हो ।

कार्यक्रममा कलम प्रकाशनका नरेन्द्रकुमार नगरकोटी, गौरादह नगरपालिकाका सामाजिक विकास समितिका संयोजक दुर्गामणि बस्नेत, लेखक तथा साहित्यकार कृष्ण अविरल, गौरादह बहुमुखी क्याम्पसका संस्थापक क्याम्पस प्रमुख भोजराज दाहाल, गौरादह बहुमुखी क्याम्पसका पूर्व क्याम्पस प्रमुख गोपालप्रसाद काफ्ले, सन्थाल समुदायकी अगुवा लक्ष्मी मर्डीले उपन्यासले सन्थाल जातिको सामाजिक चित्रण गरेकोमा जोड दिएका थिए ।

कार्यक्रममा गौरीगञ्ज २ कोरोबारीको जोयोड झरना सन्थाल युवा क्लबले जातीय संस्कृति झल्काउने नृत्यसमेत प्रदर्शन गरेको गौरादह साहित्य समाजका अध्यक्ष खगेन्द्र न्यौपानेले जानकारी दिए ।

रंगशाला

सूर्य नेपाल एनपिजिपए म्याच

## क्वाटरफाइनल समीकरण पूरा

■ प्रभाव संवाददाता

**काठमाडौं–** सूर्य नेपाल गल्फ टुर अन्तर्गत २०२२-२३ सिजनको तेस्रो प्रतियोगिता सूर्य नेपाल एनपिजिए म्याच प्लेको क्वाटरफाइनल समीकरण पूरा भएको छ ।

नेपाल नम्बर एक प्रोफेसनल गल्फर शुक्रबहादुर राई, दोस्रो वरीयताका साविक विजेता भुवन नगरकोटी तथा रबि खड्का, रमेश अधिकारी, धन बहादुर थापा, जयराम श्रेष्ठ, भुवन कुमार रोक्का र दिनेश प्रजापतिले पहिलो चरणको खेल जित्दै अन्तिम आठमा स्थान बनाए ।

शुक्रले २०औं वरीयताका टंक बहादुर कार्कीलाई सहजै ५/४ ले हराए। शुक्रले क्वाटरफाइनलमा १०औं वरीयताका भुवन कुमार रोक्कालाई प्रतिद्वन्द्वीको रूपमा भेट्टाएका छन् । भुवनले नवौं वरीयताका रामे मगरलाई २/१ ले माथ दिए ।

दोस्रो वरीयताका भुवन नगरकोटीले भने १९औं वरीयताका सञ्जोक मोक्तानलाई २/१ ले हराए । उनले अब आठौं वरीयताका धन बहादुर थापासँग खेल्ने छन् । धनले पहिलो चरणमा ११औं वरीयताका धरानका बलभद्र राईलाई ३/२ ले पराजित गरे । यसैगरी तेस्रो वरीयताका जयराम श्रेष्ठले क्वाटर-फाइनलमा पुग्ने क्रममा १७औं वरीयताका कृष्णमान राजबाहकलाई अन्तिम होलमा (१-अप) पराजित गरे । उनले अब सातौं वरीयताका दिनेश प्रजापतिसँग खेल्नेछन् । दिनेशले पनि अन्तिम होलमा १२औं वरीयताका सूर्य प्रसाद शर्मालाई पराजित गरे। अर्को खेलमा पाँचौ वरीयताका रबि खड्काले १५औं वरीयताका प्रदीप कुमार लामालाई २/१ ले हराउँदै क्वाटर-फाइनलको यात्रा तय गरे । उनले १३औं वरीयताका रमेश अधिकारीसँग खेल्नेछन् । रमेशले पहिलो चरणमा अप्रत्याशित नतिजा निकाल्ने क्रममा छैटौं वरीयताका सञ्जय लामालाई ३/१ ले माथ दिए ।

गत सिजनको उत्कृष्ट १६ प्रोफेसनल गल्फरले प्रतियोगिता भाग लिने भएतापनि चार खेलाडी देश बाहिर रहेकोले उत्कृष्ट २० सम्मका खेलाडीले मौका पाएका हुन् । पहिलो चरण, क्वार्टरफाइनल, सेमीफाइनल र तेश्रो स्थानको लागी हुने खेल १८ होलको हुनेछ भने फाईनल खेल ३६ होलको प्रतिस्पर्धा हुनेछ । बुधवार क्वाटरफाइनल र सेमीफाइनलका खेलहरु हुनेछन् । बिहीबार तेस्रो स्थान र फाइनल खेल खेलिनेछ ।

सूर्य नेपाल प्रालिको प्रायोजनमा पीजीए नेपालले आयोजना गरेको प्रतियोगिताको कुल पुरस्कार राशी २ लाख ५० हजार रहेको छ । विजेता खेलाडीले ६० हजार रुपिया प्राप्त गर्नेछन् भने उपविजेताले ४२ हजार पाउँनेछन् । तेश्रो र चौंथो हुने प्रोले क्रमशः ३२ हजार र २४ हजार प्राप्त गर्नेछन् । क्वार्टर-फाइनलमा पराजित हुने चार खेलाडीले समान ११ हजार प्राप्त गर्नेछन् र पहिलो चरणबाट बाहिरिने आठ खेलाडीले समान ६ हजार प्राप्त गर्नेछन् ।

# सेन्ट्रल फाईनान्स लिमिटेड
# CENTRAL FINANCE LIMITED

*Serving Your Financial Needs*

**Head Office:** Kupondole, Lalitpur, **Tel:** 01-5970005, **Email:** info@centralfinance.com.np **Website:** www.centralfinance.com.np

# Unaudited Financial Report (Quarterly)

## As at 2nd quarter (2079/09/30) of the Fiscal Year 2079/80

### Condensed statement of financial position

**As on quarter ended Poush 2079**

| ASSETS | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| Cash and cash equivalent | 64,66,48,106 | 54,84,57,237 |
| Due from Nepal Rastra Bank | 28,42,97,171 | 31,24,00,196 |
| Placement with Bank and Financial Institutions | - | - |
| Derivative financial instruments | - | - |
| Other trading assets | - | - |
| Loans and advances to B/FIs | 17,71,08,535 | 16,46,24,035 |
| Loans and advances to customers | 4,90,96,68,900 | 5,01,15,41,067 |
| Investment securities | 1,68,51,95,726 | 1,62,93,46,225 |
| Current tax assets | 3,66,46,554 | 2,65,38,138 |
| Investment in subsidiaries | - | - |
| Investment in associates | - | - |
| Investment property | 6,81,270 | 6,81,270 |
| Property Plant and Equipment | 20,78,81,870 | 20,29,62,572 |
| Goodwill and Intangible assets | 17,77,867 | 17,54,451 |
| Deferred tax assets | - | - |
| Other assets | 5,12,40,617 | 3,51,59,310 |
| **TOTAL ASSETS** | **8,00,11,46,617** | **7,93,34,64,502** |
| **LIABILITIES** | **This Quarter Ending** | **Immediate Previous Year Ending** |
| Due to Bank and Financial Institutions | 52,13,16,747 | 23,71,73,864 |
| Due to Nepal Rastra Bank | - | 30,02,30,137 |
| Derivative financial instruments | - | - |
| Deposits from customers | 6,18,41,55,222 | 6,08,94,60,930 |
| Borrowing | - | - |
| Current Tax Liabilities | - | - |
| Provisions | - | - |
| Deferred tax liabilities | 26,56,621 | 39,06,028 |
| Other liabilities | 8,42,96,402 | 9,14,55,848 |
| Debt securities issued | - | - |
| Subordinated Liabilities | - | - |
| **TOTAL LIABILITIES** | **6,79,24,24,992** | **6,72,22,26,807** |
| **EQUITY** | **This Quarter Ending** | **Immediate Previous Year Ending** |
| Share Capital | 94,88,75,459 | 94,88,75,459 |
| Share premium | 4,42,546 | 4,42,546 |
| Retained Earnings | 1,04,32,719 | 5,06,50,223 |
| Reserves | 24,89,70,902 | 21,12,69,467 |
| **TOTAL EQUITY ATTRIBUTABLE TO EQUITY HOLDERS** | **1,20,87,21,626** | **1,21,12,37,695** |
| **NON-CONTROLLING INTEREST** | | |
| **TOTAL EQUITY** | **1,20,87,21,626** | **1,21,12,37,695** |
| **TOTAL LIABILITIES & EQUITY** | **8,00,11,46,617** | **7,93,34,64,502** |

### Ratio as per NRB directive

| Particulars | Current year | | Previous year | |
|---|---|---|---|---|
| | This quarter | Upto this quarter (YTD) | This quarter | Upto this quarter (YTD) |
| Capital fund to RWA | | 21.08% | | 23.64% |
| Non-performing loan (NPL) to total loan | | 7.63% | | 1.61% |
| Total loan loss provision to Total NPL | | 53.05% | | 144.80% |
| Cost of Funds | | 10.73% | | 7.97% |
| Credit to Deposit Ratio | | 80.69% | | 84.79% |
| Base Rate | | 13.46% | | 10.02% |
| Interst Rate Spread | | 4.65% | | 4.61% |

### Statement of distributable profit

| | POUSH END 2079 |
|---|---|
| **Opening retained earning** | 5,06,50,223 |
| **Net profit or (loss) as per statement of profit or loss** | 3,99,215 |
| ***Appropriations:*** | |
| a. General reserve | (79,843) |
| b. Foreign exchange fluctuation fund | - |
| c. Capital redemption reserve | - |
| d. Corporate social responsibility fund | (3,992) |
| e. Employees' training fund | (1,40,522) |
| f. Other | 1,24,938 |
| **Profit or (loss) before regulatory adjustment** | **2,99,795** |
| ***Regulatory adjustment :*** | |
| a. Transferred to Regulatory Reserve | (4,05,17,299) |
| b. Transferred from Regulatory Reserve | |
| **Distributable profit or (loss)** | **1,04,32,719** |

**Notes:**

1. Above Financial Statements are prepared in accordance with the Nepal Financial Reporting Standards (NFRS) and certain carve -outs.
2. Following alternative treatment has been implied by the financial institution with respect to the Carve-out published by the Institute of Chartered Accountants of Nepal:
   a. The financial institution has not restated the figures relating to corresponding quarter of the previous year.
   b. The financial institution recognized impairment of loans and advances at higher of loan loss provision required as per the directives issued by Nepal Rastra Bank and impairment amount determined as per Para 63 of NAS 39.
   c. The financial institution has not recognized interest income on loans and advances based on the effective interest rate due to impracticability of determination of transaction cost. All such costs have been directly charged off to Statement of profit or loss.
